डा. प्रेमनारायण पौडेल, बिपी कोइरालाका वैचारिक आयाम (सम्पादक) (प्रकाशक: प्रजातान्त्रिक विचार [कार्तिक २०६९)

# वकिलका रूपमा बिपी कोइराला

● डा. विपिन अधिकारी

एउटा राजनेताका रूपमा नेपालका प्रथम जननिर्वाचित प्रधानमन्त्री बिपी कोइरालाको विभिन्न कोणबाट विश्लेषण भएको छ । हालका वर्षहरूमा राजनीतिक क्षेत्रका धेरै व्यक्तिहरूले वहाँको प्रजातान्त्रिक राजनीति, राष्ट्रवाद, राजा महेन्द्रसँगको सम्बन्ध, समाजवादी चिन्तन र विशेषगरी राष्ट्रिय मेलमिलाप नीतिका बारेमा लेखेका छन् । कानुनव्यवसायीका रूपमा कोइरालाको विश्लेषण प्रायः भएको छैन भने पनि हुन्छ अर्थात् अत्यन्त न्यून रूपमा मात्र भएको छ ।

कोइरालाले सन् १९३९ तिर आफ्नो सक्रिय राजनीतिक जीवन सुरु गर्नुभन्दा अगाडि कानुनव्यवसायीका रूपमा पनि केही अनुभव सँगाल्नुभएको थियो । त्यो अनुभव वहाँको राजनीतिक जीवनमा कति सहयोगी हुन सक्यो, त्यसबारे अड्कल गर्न गाह्रो छ तथापि कानुनको अध्ययनले हरेक व्यक्तिलाई मौलिक अधिकार, कानुनको शासन, सामाजिक न्याय तथा प्रजातान्त्रिक शासन पद्धतिप्रति आकर्षित तुल्याउँछ भन्ने कुरामा शङ्का छैन । यसले समानता, विभेदविहीन शासकीय प्रणालीको पक्षपोषण गर्दछ । कानुन व्यवसाय एउटा स्वतन्त्र व्यवसाय हो । ज्ञान र क्षमताको आधारमा बलियो छैन भने कानुनव्यवसाय चल्दैन । कानुनव्यवसायीहरू आफ्नो 'नेटवर्क' बनाउन सिपालु हुन्छन् । उनीहरू पैसाको व्यवस्था (फन्ड रेजिङ) गर्न पनि दक्ष हुन्छन् । यसका लागि विश्वासको वातावरणको निर्माण र कुराकानीबाट मन जित्न सक्ने क्षमता चाहिन्छ । आफ्नो कुरा प्रस्टसँग राख्न सक्ने र अरूलाई आफ्नो कुरा मनाउन सक्ने भएकाले कानुनको अध्ययनले व्यावसायिकता निर्माण गर्न पनि मद्दत गर्दछ । राजनीतिमा जानका लागि कानुन, न्याय र राज्यव्यवस्थाको जानकारी सधैं सहयोगी हुने नै भयो ।

कानुनको अध्ययनले तर्कशक्तिमा वृद्धि गर्नुका साथै न्यायोचित निर्णय गर्ने प्रतिभा पनि दिन्छ । उसबेलाका अलेक्जेन्डर ह्यामिल्टन (१७५५-१८०४), थोमस जेफर्सन (१७४३-१८२६), अब्राहम लिङ्कन (१८०९-१८६५), देखि

महात्मा गान्धी (१८६९-१९४८), नेल्सन मन्डेला (१९१८-२०१३) हुँदै आजका मार्गरेट थ्याचर (१९२५-२०१३), बिल क्लिन्टन (१९४६) र बाराक ओबामा (१९६१) लाई उदाहरणका रूपमा लिन सकिन्छ। जस्तो *फोर्ब्स* पत्रिकाले प्रत्येक वर्ष संसारका हरेक क्षेत्रका अति प्रभावशाली व्यक्तिहरूको सूची सार्वजनिक गर्ने गर्छ। त्यसमध्ये ठुलो सङ्ख्या वकिल वा कानुन पढेका व्यक्तिको हुन्छ। *फोर्ब्स*को सन् २०१३ को अध्ययनअनुसार ७२ जना त्यस्ता प्रभावशाली नेताहरू छानिएकोमा यसको १४ प्रतिशत कानुनक्षेत्रबाट जाने व्यक्तिहरू थिए। कानुनक्षेत्रबाट देखापरेका यस्तै प्रभावशाली व्यक्तिहरूलाई लिएर कानुनविद्हरू गौरवान्वित हुन्छन्। नेपालको आफ्नो परिस्थिति के छ ? अध्ययन गर्ने विषय हो तर अमेरिकाको कुरा गर्ने हो भने संविधान निर्माता जेम्स मेडिसन र मार्शल, दासप्रथा विरुद्धको आन्दोलनको नेतृत्व गर्ने अब्राहम लिङ्कन, प्रगतिशील कालका लुई ब्रान्डाइज, 'न्यू डिल' सुधार कार्यक्रमका विलियम डग्लस र थर्मन आर्नोल्ड, अनि नागरिक आन्दोलन अधिकारका थरगुड मार्शल ती सबै कानुनी पृष्ठभूमिका आफ्नो जमानाका लायक नेतृत्व थिए। कानुन पढेका मात्र गान्धी वा मन्डेला हुन सक्छन् भन्ने तर्क यहाँ गरिएको होइन। कानुनको अध्ययनले नेतृत्वदायी बनाउन सहयोग पुऱ्याएको अनुभवले देखाउँछ मात्र भन्न खोजिएको हो।

कानुनको अध्ययनबाट या यसको व्यावसायिक ज्ञानबाट कोइरालाले के प्राप्त गर्नुभयो भन्नेबारेमा वहाँले कतै केही लेखेको देखिँदैन। यो पनि शोधकै विषय मान्नुपर्दछ। कोइरालाले कलकत्ता विश्वविद्यालयबाट कानुनमा स्नातक (एलएलबी) को उपाधि लिनुभएको थियो। वहाँले सन् १९३६ (वि.सं.१९९३) मा एलएलबी गर्नुभएको हो। यसभन्दा अघि वहाँले अर्थशास्त्र तथा राजनीतिशास्त्र विषय लिई बनारसबाट स्नातक उपाधि प्राप्त गर्नुभएको थियो। स्नातक भइसकेपछि वहाँले अर्थशास्त्रमै स्नातकोत्तर गर्ने इच्छा गर्नुभएको तर कलकत्ता पुगेका कोइरालाले त्यहाँ अर्थशास्त्र पढ्ने व्यवस्था नभएको हुँदा कानुनतर्फ लाग्नुभएको लिखित स्रोतले भन्दछ। बाल्यकालदेखि नै अङ्ग्रेजी माध्यमको स्कुलबाट पढ्नुभएकाले अङ्ग्रेजीमा वहाँको विशेष दखल देखिन्छ। राम्रो अङ्ग्रेजी कानुनको राम्रो शिक्षाका लागि अनिवार्य जस्तै देखिन्छ।

भारतका त्यस बेलाका कानुनका कलेजहरूमा मूलतः विधिशास्त्र, कन्स्टिट्युसनल ल, पेनलकोड एन्ड क्रिमिनल प्रोसिजर, सिभिल कोड एन्ड सिभिल प्रोसिजर, प्रोपर्टी ल, ल अफ कन्ट्र्याक्ट इत्यादि विषयहरू पढाइन्थे। सन् १९३५ मा जारी भएको भारतको संविधान कोइरालाले पढ्दा कोर्समा आइसकेको थियो वा थिएन किटान गर्न सकिएन तर त्यसबेलाका

कानुनका छात्रहरूले एभी डायसीको *ल अफ द कन्स्टिट्युसन* भन्ने पुस्तक अनिवार्य रूपमा पढ्दथे । हरेक विद्यार्थीले इङ्ल्यान्डको संवैधानिक विकासको इतिहास पढ्नुपर्दथ्यो । भारतको हिन्दू ल पनि पढाइन्थ्यो । यी विषयहरूले युवा कोइरालालाई नेपालको तत्कालीन कानुनप्रणालीसँग अवश्य नै जोडेको थियो होला तथापि यसलाई स्पष्ट गरी उल्लेख गर्ने कुनै आधार यो लेखकसँग छैन ।

कलेज सुरु गरेदेखि नै कोइराला राजनीतिमा चासो राख्नुहुन्थ्यो भन्ने कुरा वहाँको मृत्युपछि प्रकाशित आत्मवृत्तान्तमा प्रस्ट रूपमा देख्न सकिन्छ । कानुनको अध्ययनपछि व्यवसाय गर्ने वहाँको सोच थियो तर व्यवसायसँगसँगै राजनीतिमा पनि क्रमशः लगानी गर्दै जाने वहाँको सोचाइलाई परिवारले त्यतिको प्रोत्साहन गरेको पाइँदैन । त्यसमा पनि वहाँलाई दार्जिलिङमा गई वकालत सुरु गर्न पारिवारिक दवावका भएका कारण आफू दार्जिलिङ गएको कुरा वहाँले एउटा अन्तर्वातामा यसप्रकार बताउनुभएको छ-

> मैले कानुनको डिग्री हासिल गरेपछि मलाई मेरो घरबाट वकिलका रूपमा काम गर्न सल्लाह दिइयो । दार्जिलिङ बङ्गालको नेपाली भाषा बोलिने जिल्ला भएकाले एउटा नेपालीका लागि अरू कुनै अदालतमा भन्दा बढी अवसर दार्जिलिङको अदालतमा हुनु स्वाभाविकै थियो । अनि, मेरा एकजना दाइ पर्ने मान्छे दार्जिलिङको सरकारी माध्यमिक स्कुलमा प्रधानाध्यापक थिए । तसर्थ, छुट्टै व्यवस्था नमिलाएसम्म म उनीसँगै बस्न सक्थें । तेस्रो कुरा, त्यसबेला दार्जिलिङ राजनीतिक रूपमा निष्क्रिय थियो । दार्जिलिङमा एक किसिमले राजनीतिक रिक्तता नै थियो भने पनि हुन्छ । तसर्थ दार्जिलिङमा काम गर्न गएँ भने त्यस जिल्लामा समाजवादी पार्टीको काम पनि गर्न सक्छु भन्ने मैले ठानेको थिएँ । चौथो, त्यसबेला दार्जिलिङमा नेपाली साहित्यको ठुलो आन्दोलन चलिरहेको थियो । यसरी म दार्जिलिङ जानुका धेरै कारणहरू थिए ।

कोइरालाले वकालत दार्जिलिङका वकिल हरिप्रसाद प्रधानमातहत बसेर गर्नुभयो । कोइराला वहाँबाट निकै प्रभावित हुनुभयो । यसैका कारणले नेपालमा २००७ सालपछि कोइरालाले वहाँलाई नयाँ न्यायिक संरचनाअन्तर्गत बनेको प्रधानन्यायालयको प्रधानन्यायाधीशका रूपमा नियुक्त गराई नेपाल ल्याउनुभएको थियो । प्रधानको विवाह नेपालमै पद्मसुन्दर मल्लको परिवारमा भएको थियो । कोइरालाको दार्जिलिङ गमन र कानुनी पेसाबारे सर्वोच्च अदालतका न्यायाधीश प्रकाश वस्तीको भनाइ यस्तो छ-

> राणाहरूलाई नसोधी जापानमा इलेक्ट्रिकल इन्जिनियरिङ पढ्न गएकोमा चार भन्ज्याङ [काठमाडौं] बाट निकाला गरिएको मल्लपरिवार त्यसबेला

विराटनगर बस्दथ्यो । बिपी कोइराला कानुनस्नातक भएपछि यिनै मल्लपरिवारको सिफारिसमा हरिप्रसाद प्रधानको ल फर्ममा कानुन व्यवसाय गर्न दार्जिलिङ पुग्नुभयो । त्यसबेला दार्जिलिङका चल्तीका वकिल हरिप्रसाद प्रधानकै घरमा बिपी कोइराला बस्नुहुन्थ्यो । त्यही फर्ममा रहनुभएका रूपनारायण सिंह प्रधानसँग साहित्य सिकेको सकार्नु भएको छ-बिपीले । बिपी वकालतमा सफल हुन सक्नुभएन । वनारस गई राजनीतिमा होमिनुभयो ।

**वकालतमा** आफूले सफलता हासिल गर्न नसकेको कुरा कोइराला स्वयम्‌ले कतै लेख्नु वा बोल्नुभएको देखिँदैन । प्रकाशित स्रोतहरूमा वहाँले आफ्नो वकालत अवधिमा केके गर्नुभयो ? वहाँको "च्याम्बर प्राक्टिस" ले वहाँलाई के दियो ? कोर्ट प्राक्टिस वहाँले केकस्ता मुद्दाहरूको प्रतिनिधित्व गर्नुभएको थियो ? भन्नेजस्ता प्रश्नको जवाफ पाईंदैन । वहाँ त्यस समयको आफ्नो अनुभव आत्मवृत्तान्तमा यसप्रकार व्यक्त गर्नुहुन्छ :

वकालतमा जो ठुल-ठुला वकिल छन् तिनको कुरा मलाई थाहा छैन तर साना वकिलहरूले युवा वकिलहरूसँग जुन प्रकारले कुराकानी गर्छन् त्यो मलाई मन परेन । संवैधानिक कानुनको प्रश्नमा वा राजनीतिक प्रश्नहरूमा जो छलफल हुन्थ्यो त्यसमा मलाई चाखलाग्ने तर सम्पत्तिसम्बन्धी झगडामा मलाई मन लाग्दैनथ्यो । मैले एउटा तिब्बतीको मुद्दामा ब्रिफ तयार गरेको सम्झना छ । त्यो एउटा ठुलो व्यापारी थियो । मैले पहिला फिस पाएकै त्यसैको केसमा हो । त्यस बखतमा मेरा सिनियर थिए हरिप्रसाद प्रधान । उनले मलाई केही पैसा आउने केसहरू दिएका थिए तर मलाई कोर्ट जान मन लाग्दैनथ्यो ।

यसको प्रभावस्वरूप कोइराला दार्जिलिङमा धेरै टिक्न नसकेको देखिन्छ । **राजनीति** गर्नलाई दार्जिलिङ त्यति सजिलो नभएको कोइरालाको अनुभूति थियो । यसका विभिन्न कारणहरू थिए । पहिलो कुरा गोर्खाली सेनाको भर्तीकेन्द्रमध्ये एउटा रहेको दार्जिलिङमा ब्रिटिस शासकहरू कसैले राजनीति गरी वातावरण बिगारेको देख्न चाहँदैनथे । अतः "नेपालीलाई भारतको कुनै पनि राष्ट्रवादी आन्दोलनबाट प्रभावमुक्त राख्ने ब्रिटिस-इन्डिया सरकारको नीति थियो । तसर्थ, दार्जिलिङमा राजनीतिक गतिविधि सञ्चालन गर्न सम्भव नै थिएन भने पनि हुन्छ । उनीहरू दार्जिलिङमा कुनै प्रकारका राजनीतिक गतिविधि सञ्चालन गर्न दिँदैनथे । त्यहाँ त्यस्ता गतिविधिलाई निरुत्साहित गरिएको मात्र थिएन, निर्ममतापूर्वक दमनसमेत गरिएको थियो तसर्थ, त्यहाँ राजनीति गर्न कुनै हालतमा सम्भव थिएन ।" यही कारणले गर्दा कोइराला

त्यहाँ बस्न रुचाउनुभएन । वहाँको कथन थियो - "मलाई वकालती गरेर त्यहाँ बस्न त्यति मन लागेन । मेरो पहिलो जिम्मेवारी र प्रतिबद्धता राजनीति नै थियो । तसर्थ, दार्जिलिङमा राजनीति गर्न सम्भव नदेखेपछि म त्यहाँ बसिनँ ।" समग्रमा कोइरालाको कानुनव्यवसाय केवल दशमहिनाजति मात्र चल्यो । वहाँ सन् १९३८ को मध्यतिर दार्जिलिङ जानुभएको थियो र सन् १९३९ मा फर्किनुभयो ।

वि.सं.२००७ पछिको प्रजातान्त्रिक शासन प्रणालीमा कोइराला विभिन्न विषयमा सर्वोच्च अदालत धाउनुभएको देखिन्छ । संवैधानिक कानुनको विषयदेखि लिएर फौजदारी न्यायप्रशासनको विषयसम्म वहाँले नागरिक हकअधिकार संरक्षणको प्रश्न उठाउनुभएको देखिन्छ । राणा प्रधानमन्त्रीहरूको लामो इतिहास भएको नेपालमा जनस्तरबाट स्थापित एउटा उच्चकोटिको राजनेता अदालतको शरणमा जानु आफैमा कानुनको शासनप्रतिको एउटा गहिरो प्रतिबद्धताका रूपमा देखिन्छ । मुद्दा हारेको अवस्थामा पनि वहाँले त्यसलाई राजनीतिकरण गर्नुभएन । विशेषगरी २०३४ साल वैशाख १७ गतेदेखि जेठ ४ गतेबिच आफूविरुद्ध तत्कालीन श्री ५ को सरकारले चलाएको राजकाज मुद्दाहरूका सम्बन्धमा वहाँले विशेष अदालतमा दिनुभएको बयानले कानुनी रूपमा कोइराला कति तिखो र राजनीतिक अर्थमा कति परिपक्व एवम् मर्यादायुक्त हुनुहुन्थ्यो भन्ने स्पष्ट देखिन्छ । कानुनको शासन र क्रान्तिको सन्दर्भ कसरी जोडिन्छ भन्ने सम्बन्धमा कोइरालाको स्पष्टतालाई उल्लेख गरिनु जरुरी छ । कोइरालाको बयानको निम्न अंशले त्यसलाई स्पष्ट गर्दछ -

> मैले क्रान्तिको नारा दिएको हुँ । विरोधको कुनै शान्तिपूर्ण वैधानिक उपाय नभएर क्रान्तिको सिद्धान्तलाई अपनाउनु परेको हो । यदि मौलिक अधिकार, नागरिक स्वतन्त्रता र कानुनी राज्यको व्यवस्था कायम रहन दिएको भए क्रान्तिको आवाज उठाउनुपर्ने खण्ड थिएन । वैचारिक स्वतन्त्रताको वातावरणमा विचारहरू, सिद्धान्तहरू, कार्यक्रमहरूका बिच जनसमर्थनका लागि प्रतिस्पर्धा हुने थियो र त्यस अवस्थामा बलियो जनसमर्पित विचार प्रशासकीय आर्दशमा प्रतिविम्बित हुने थियो । वैधानिक ढङ्गबाट समय समयमा स्पष्ट अभिव्यक्त भएका जनइच्छाअनुसारको नीति र कार्यक्रमलाई प्रशासकीय यन्त्रद्वारा सम्पन्न गर्दै देश उन्नतिको पथमा अग्रसर हुन्थ्यो । यस्तो स्वस्थ राजनीतिक वातावरणमा क्रान्तिको चर्चा कसले गर्ने थियो ?

कानुनको शासनको अवधारणाबाट दीक्षित कोइरालाले क्रान्ति र आतङ्कवादबिचको फरकलाई पनि उपरोक्त बयानमा स्पष्ट गर्नुभएको देखिन्छ ।

आफू आतङ्कवादी नभएको तथा प्रजातन्त्रोन्मुख आन्दोलनकारी मात्र भएको उल्लेख गर्दै कोइरालाले आफ्नो भनाइ यसरी अझ स्पष्ट गर्नुभएको छ-

> म क्रान्तिवादी हुँ, आतङ्कवादी होइन। क्रान्ति मेरो अर्थमा जनताको सक्रिय विरोधको त्यस्तो स्थिति हो जसमा जनताविरोधी सरकारमाथि यत्रो असह्य दवाब पर्दछ कि त्यस सरकारलाई जनताको जनतान्त्रिक अधिकार दिन बाध्यहुनुपर्छ। प्रजातन्त्र ल्याउनका लागि जनक्रान्तिको आवश्यकता परेको हो तर म व्यक्तिगत हिंसामा विश्वास गर्दिनँ किनभने मेरो उद्देश्य व्यवस्थाको समाप्ति छ न कि व्यवस्थावादीहरूको। क्रान्तिको लक्ष्य व्यवस्था हुन्छ, आतङ्कको व्यक्ति। मैले व्यक्तिगत हिंसा र आतङकको खिलाफ आफ्ना वक्तव्यहरू दिँदै आएको हुँ। साथै म नेपाली समाजको हरेक पक्षमा परिवर्तन चाहन्छु, जो वर्तमान युगको अनुरूप होस्-राजनीतिक क्षेत्रमा आर्थिक, सामाजिक, बौद्धिक, शैक्षिक क्षेत्रहरूमा। समाजको कुपमण्डुकता, अन्धविश्वास, बौद्धिक दासता, रुढीवाद, सामन्ती मनोवृत्ति, दरिद्रता र त्यसबाट उत्पन्न हुने तमाम अवाञ्छनीय दुर्गुणहरूको अस्त हुनुपर्छ भन्ने विचारलाई समग्र परिवर्तनको परिप्रेक्ष्यमा क्रान्तिको संज्ञा पनि दिने चलन छ। राजनीतिक क्रान्ति जसले समग्र सामाजिक क्रान्तिका लागि उपयुक्त पृष्ठभूमि तयार पार्छ म यस प्रकारको विचार र सिद्धान्तलाई मान्ने भएकाले पनि आफूलाई क्रान्तिवादी भन्छु।

क्रान्ति साधन हो,साध्य होइन। कोइरालाले क्रान्ति आफ्ना लागि नभई प्रजातन्त्र र कानुनको शासनका लागि गरिएको हो भन्ने कुरालाई अघि सार्नुभएको उपरोक्त विशेष अदालतमा दिएको बयानले देखाउँछ। वैधानिक परम्पराहरूमा आफ्नो विश्वास भएको कुरालाई उल्लेख गर्दै कोइरालाले भन्नुभएको छ कि-

> जनक्रान्ति त पुग्ने बाटो हो। लक्ष्य प्राप्तिको साधन हो। त्यो पनि विशेष परिस्थितिको बाध्यताले लिनुपर्ने बाटो। साँच्चै भन्ने हो भने म नरम विचार भएको वैधानिकतामा विश्वास गर्ने राजनीतिक प्राणी हुँ। कार्य कारणले, परिस्थितिको बाध्यताले र आफ्नो आदर्शलाई त्याग्न नसकेर मेरो त्यस्तो नरम स्वभाव र आस्था भएर पनि मैले २००७ सालमा क्रान्तिको बाटो अँगाल्नुपरेको थियो। २००७ सालको क्रान्तिको अनिवार्यतालाई अहिलेको [पञ्चायत] शासनका पृष्ठपोषकहरूले पनि स्वीकार गर्लान्। यदि इमान्दारीपूर्वक २००७ सालको क्रान्तिमा मेरो योगदानमा निहित आदर्शलाई स्वीकार गर्ने हो भने मेरो यो आजको

क्रान्तिलाई बुझ्न कसैलाई गाह्रो पर्ने छैन।... म अभियुक्तका रूपमा अदालतको सम्मुख उपस्थित नगराइएको भए म यसको चर्चा नै गर्ने थिइन किनभने हामी सङ्कटको कालबाट गुज्रिरहेका छौँ। यो राष्ट्रिय सङ्कट हो। यो संक्रमणकालीन या विकासको शैशवकालीन सङ्कटमात्र होइन। यो हाम्रो अस्तित्वको नै सङ्कट हो। यस स्थितिमा हामीले बाँच्ने आधार राष्ट्रिय एकता मात्र छ। त्यस्तो हुनाले बितेका कुरालाई कोट्याएर वादविवाद, पक्षप्रतिपक्षको मनोमालिन्यको स्थितिलाई कसैले उत्पन्न गराउनु हुन्न। राष्ट्रिय एकताका लागि सबैले प्रयत्नशील हुनुपर्दछ। इतिहासका सम्मुख, जनताका सम्मुख, आफ्नो आदर्शका सम्मुख यो न्यायालयको सम्मुख, म आफूलाई पूर्ण निर्दोष भएको अनुभव गर्दछु।

सन् १९६७ मा अमेरिकी इतिहासकार बर्नार्ड बेलिनले द *आइडिओलोजिकल ओरिजिन्स अफ द अमेरिकन रिभ्योल्युसन* प्रसिद्ध पुस्तक लेखे। यो पुस्तक अमेरिकी क्रान्ति केका लागि थियो भन्नेबारे लेखिएको पुस्तक हो। यसमा कोइरालाले तर्क गर्नुभएजस्तो कानुनको शासन, क्रान्ति र आतङ्कवादजस्ता विषयहरूमा अमेरिकी क्रान्तिताका त्यसबेलाका युगपुरुषहरूले तर्क गरेको देखिँदैन। यो स्तरको कोइरालाको क्षमताको अवश्य नै प्रशंसा गरिनुपर्दछ तथापि यो पुस्तकको एउटा दाबी के छ भने अमेरिकी क्रान्ति वर्गसङ्घर्षको परिणाम थिएन। चार्ल्स बियर्ड भन्ने इतिहासकारले अमेरिकी क्रान्तिका सम्पत्ति सुरक्षालगायत केही क्षुद्र देखिने कारणहरू पनि थिए भनी गरेको विश्लेषणलाई बेलिनले स्वीकार गरेनन्। एउटा अग्रणी समझदारीका रूपमा कोइराला यी तर्कहरूको धेरै नजिक देखिनुहुन्छ। कानुनको अध्ययनले वहाँलाई निश्चय नै समानता, सामाजिक न्याय र कानुनको शासनतर्फ लक्षित गर्न सहयोग पुग्यो होला। के अदालतमा दिएको उल्लिखि बयानले यसतर्फ इङ्गित गर्दैन त ? यस विषयमा अध्येताहरूले यो प्रश्नलाई अझ अनुसन्धान गर्ने हो भने विविध नयाँ पक्षहरू पनि सार्वजनिक हुन सक्दछ।●